# भीरकोट नगरपालिकाद्धारा गत आव २०७९/०८० को दोश्रो र तेश्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन

आयोजक : भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भीरकोट

प्रतिवेदक : अमृत अर्याल, सम्पादक पब्लिक आवाज साप्ताहिक पत्रिका, वालिङ

८ भदौ २०८०

भीरकोट नगरपालिकाद्धारा गत आव २०७९/०८० को दाश्रो र तेश्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

बानेथोक देउराली, स्याङ्जा

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नगरिकहरुलाई सूसुचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । भीरकोट नगरपालिका वडा नं. ३ शहिदशुक्र माविमा २०८० भदौ ८ गते शुक्रबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

क. भीरकोट नगरपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

ख. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

ग. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

घ. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

ङ. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने

पृष्ठभूमि :

स्याङ्जा जिल्लाको मध्यविन्दुमा रहेको भीरकोट नगरपालिका पर्यटकीय तथा शैक्षिक हिसाबले अगाडी छ । विभिन्न जातजाति धर्म सस्कृतिको मिश्रण हुँदा पनि सहिष्णुताका साथ मिलेर विकास निर्माणको काममा हातेमालो गर्दै अगाडी बढेको देख्दा यहाँ बस्ने स्थानीय बुद्धिजिवि, शिक्षक तथा सर्वसाधारण खुशि छन् । सभ्य समाज निर्माणको लागि स्थानीय सरकार आए पश्चात परिवर्तनको गतिमा अगाडी बढिरहेको हाम्रो लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल राज्यको उन्नति प्रगति गर्ने जिम्मा युवाहरु तथा आम नागरिकको काँधमा छ । यही कुरालाई सार्थकता दिन जिम्मेवारीबोध गर्दै नगरले गरेका काम कारवाही तथा योजनाको विषयमा सर्वसाधारण सहभागी नभएसम्म देश विकास हुँन सक्दैन र समृद्ध तथा विकसित नेपाल बन्न सक्दैन भन्ने मान्यतालाई स्वीकार गर्दै भीरकोट नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्न लागिएको हो ।

ार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम

ञ्चालन गर्ने स्थान : भीरकोट नगरपालिका वडा नं २ सिटी हल ।

ञ्चालन मिति : २०७९ पुस १३ गते ।

र्च व्यहोर्ने संस्था : भीरकोट नगरपालिका ।

ार्यक्रम संचालन गर्ने संस्था : छायाँक्षेत्र मिडिया प्रा.लि.

## ?. सम्पर्क व्यक्ति

| क्र.सं. | पद | नामथर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | संयोजक | अमृत अर्याल | ९८४६०४३८३८ |
| २ | सह संयोजक | नारायण कोईराला | ९८५६०८८७८० |
| ३ | सहयोगी | सुमन अर्याल | ९८४६११३६६६ |

## ३. कार्यक्रमका उद्देश्यहरु :

१. भीरकोट नगरपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
२. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बरेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
३. स्थानीय शासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
४. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
५. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने

अनुमानित आम्दानी
रु. ३,६०,०००

## अनुमानित खर्च

| क्र.सं | विवरण | रकम रु |
|---|---|---|
| १ | चिठी छपाई खर्च | रु. १,०००/- |
| २ | पत्रपत्रिका, रेडियो, टिभी र अनलाईनमा सूचना प्रकाशन तथा प्रशारण खर्च | रु. २०,०००/- |
| ३ | स्टेशनरी सामाग्री खरिद खर्च | रु. ११,०००/- |
| ४ | माईकिङ तथा प्रचारप्रसार खर्च | रु. ५,०००/- |
| ५ | नागरिक प्रतिवेदन तयार गर्न हरेक वडामा पुग्दा यातायात खर्च | रु. ५,०००/- |
| ६ | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत प्रतिवेदन छपाई खर्च | रु. १२,५००/- |
| ७ | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत प्रतिवेदन तयारी गर्नेको पारिश्रमिक खर्च | रु. १५,०००/- |
| ८ | पत्रकार भत्ता खर्च नगद पारिश्रमिक | रु. ५,०००/- |
| ९ | जिंगल निर्माण खर्च | रु. २,०००/- |
| १०. | ब्यानर छपाई खर्च | रु. २,०००/- |
| ११. | खाजा खर्च | रु. २०,०००/- |
| १२. | साउण्ड सिष्टम खर्च | रु. ७,५००/- |
| १३. | टेलिफोन खर्च | रु. १,०००/- |
| १४. | सहजकर्ता पारिश्रमिक खर्च | रु. १०,०००/- |
| १५. | अन्य विविध खर्च | रु. २,०००/- |

जम्मा रु. ११९००० /- (एक पटक सार्वजनिक सुनुवाईको जम्मा खर्च)
१ बर्षमा ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रम अनिवार्य संचालन गर्नुपर्ने हुदाँ ३ पटकको जम्मा खर्च
रु. ११९००० X ३ = रु ३५७००० (अक्षेरेपी तिन लाख सन्ताउन्न हजार मात्र)

६. **स्रोत** : भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

### ६. कार्यक्रमको उपलब्धी :

यस सार्वजनिक सुनुवाई कार्यक्रमबाट निम्न बमोजिमका उपलब्धीहरु प्राप्त हुनेछन् ।
१. सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउने ।
२. सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नगरिकहरुलाई सूसुचित गराउने ।
३. नगरपालिकाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने ।

अमृत अर्याल
संयोजक